प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
बागमती प्रदेश, हेटौंडा, मकवानपुर

email: moh@bagamati.gov.np
website: moh.bagamati.gov.np

माननीय मन्त्री
निमा लामा

मिति :२०७९/०८/१९

# स्वास्थ्य सन्देश

## महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका दिवस २०२२

१९ औं महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस २०२२ **"महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको प्रतिवद्धता, स्वास्थ्य प्रवर्धनमा हाम्रो ऐक्यबद्धता"** भन्ने राष्ट्रव्यापी मुल नारासहित आज मनाईंदैछ ।महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरू नेपालको स्वास्थ्य क्षेत्रको मेरुदण्ड हुन् । उनीहरूले आफूले काम गरिरहेको समुदाय र नेपालको स्वास्थ्य प्रणालीलाई जोड्ने पुलको काम गरिरहेका छन् ।

ग्रामिण क्षेत्रमा आमा र बच्चाको स्वास्थ्य स्तरमा सुधार ल्याउन प्रतिकारात्मक र प्रवर्धनात्मक सेवा पुर्याउने उद्देश्यले वि.सं. २०४५ सालमा शुरू भएको यो कार्यक्रममा अहिले देशभर ५२ हजारभन्दा धेरै माहिलाले स्वास्थ्य स्वयंसेविकाका रूपमा स्वास्थ्य सेवा प्रदान गरिरहेका छन् ।स्वयंसेविकाहरुले मातृ तथा बाल स्वास्थ्य प्रवर्धनका लागि घरभेट सेवा, राष्ट्रिय भिटामिन ए वितरण कार्यक्रम, स्वास्थ्य आमा समूहको बैठक सञ्चालन, कुपोषित बालबालिकाको पहिचान जस्ता कार्यक्रमहरु समुदायस्तरमा सञ्चालन गरिरहनुभएको छ ।

नेपालले स्वास्थ्य क्षेत्रको सहस्राब्दी विकास लक्ष्यमा गरेको प्रगतिमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको भूमिका उल्लेखनीय रहेको विषय जगजाहेरै छ। जनताको स्वास्थ्य स्थितिमा देखिएको क्रमिक सुधार मुख्यतः मातृ, शिशु तथा बाल मृत्युदरमा आएको कमीमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको सक्रिय भूमिकालाई बागमती प्रदेश सरकारले उच्च मुल्यांकन गरेको छ ।

नेपालको संविधानको मर्म, राष्ट्रिय स्वास्थ्य नीतिको भावना, नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा जनाएको प्रतिवद्धता र स्वास्थ्य क्षेत्रमा देखा परेका कतिपय परिवर्तनहरुलाई सम्बोधन गर्नका लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको भूमिका अझ वृहत हुनु आवश्यक छ । **महिला स्वास्थ्य स्वयंसेविकाको सेवाको कदर र मनोबल उच्च राख्ने किसिमका विभिन्न कार्यक्रमहरुको आयोजना गरी यस दिवस मनाउनु हुन अनुरोध गर्दै** महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस २०२२ को हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**जय नेपाल !**

..................................
मा. निमा लामा
मन्त्री